सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

<u>फैसला</u>

०७४-RB-०२१८

मुद्दाः <u>मूल्य अभिवृद्धि कर (आ.व. ०६६/६७)।</u>

ए.आई.टी.प्रा.लि.को तर्फबाट अधिकारप्राप्त प्रबन्ध सञ्चालक अरुणकुमार चौधरी...१ पुनरावेदक

विरुद्ध

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं...१

श्री ऐ. को अनुसन्धान तथा विकास शाखा, काठमाडौ...१ प्रत्यर्थी

श्री ठूला करदाता कार्यालय, ललितपुर..१

शुरु निर्णय गर्नेः- निर्देशक

निर्णय मितिः-२०६७।११।२

प्रशासकीय पुनरावलोकन गर्नेः- आन्तरिक राजस्व बिभाग

निर्णय मितिः- २०६८।३।५

राजस्व न्यायाधिकरणमा फैसला गर्नेः माननीय अध्यक्ष श्री दीपककुमार कार्की

लेखा सदस्य श्री हरि पोखरेल

राजस्व सदस्य श्री मणिदेव भट्टराई

राजस्व न्यायाधिकरण काठमाडौ

फैसला मितिः- २०६९।३।२६

राजस्व न्यायाधिकरण काठमाडौंको फैसला उपर ए.आई.टी. प्रा.लि.ले दायर गरेको निवेदनमा यस अदालतबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को देहाय (ख) बमोजिम पुनरावेदनको अनुमति प्रदान भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

करदाता ए.आई.टी प्रा.लि.को कारोबारको अनुसन्धान तथा छानवीनको क्रममा ललितपुरको झम्सिखेल स्थित कार्यालयमा मिति २०६६।९।११ गते आकस्मिक निरीक्षण गर्दा बरामद भएका विभिन्न आ.व.का खरिद खाता, विक्री खाता ८ थान, खरिद बिलको इण्डेक्स ३ थान र प्रा.लि.का अधिकारप्राप्त प्रतिनिधि अच्यूतमणि आचार्यले कारोवारको सम्बन्धमा दिएको बयान आदिको अध्ययन छानविन गरी स्वीकृत अनुसन्धान प्रतिवेदन अनुसार कर, जरिवाना, थप दस्तुर र व्याज (मिति २०६७।१०।२५ सम्मको) सहितको रु. ५३,२६,०५०।- को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) (ख),(ग),(घ) बमोजिम कर निर्धारण गर्नु पर्ने भएको र सो बमोजिम गर्न नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त गरेको १५ दिन भित्र पेश गर्न कर निर्धारणको कारण र आधारहरु समेत खुलाई सोही ऐनको दफा २० को उपदफा (५) बमोजिमको सूचना करदातालाई मिति २०६७।१०।१७ मा जारी गरिएको र उक्त सूचना करदाताले मिति २०६७।१०।१७ मा बुझी लिएको।

कर कार्यालयको उक्त पत्रको सम्बन्धमा निवेदक कम्पनीले छानवीन गर्दा एसेसरिज लगायतका सामानहरु प्राप्त भई गाडीमा जडान गरी ग्राहकले प्राप्त गरेको मूल्य अभिवृद्धि कर ऐन, नियम बमोजिम विजक प्राप्त गरी कर कट्टी दावी गरेको सन्दर्भमा खरिदकर्ता प्रस्तुत कम्पनीले कानून बमोजिम गरेको कर कट्टी अमान्य गरी सो मा शत प्रतिशत जरिवाना लगाई व्याज तथा थप शुल्क समेत लगाएको मिलेको छैन भन्ने समते व्यहोराको करदाताले मिति २०६७।११।१ मा कर कार्यालयमा पेश गरेको लिखित जवाफ।

प्रस्तुत करदाताले कर निर्धारण आदेशमा पुनर्विचार गरी दिन गरेको जिकिर झुट्टा एवं भ्रमपूर्ण भएकोले उल्लेखित प्रमाण तथ्य एवं विश्लेषणबाट झुट्टा एवं नक्कली मूल्य अभिवृद्धि कर विजक तयार गरी गराई रु.१,९१,९७,५९०।- को वस्तु तथा सेवा खरिद गरेको देखाई रु.२४,९५,६८७। कर कट्टी दावी गरी मूल्य अभिवृद्धि कर छली भएको ठहर्छ। मिति २०६७।१०।१७ मा जारी गरिएको प्रारम्भिक कर निर्धारण आदेशमा उल्लेख भए

अनुसारको आ.व. ०६६।०६७ (कर अवधि कार्तिक देखि आषाढसम्म) को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(२) का आधारमा मूल्य रु. १,९१,९७,५९०।- को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर र शत प्रतिशत जरिवाना समेत जम्मा रु. ४९,९१,३७४।- को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) को ख, ग, घ र उपदफा (२) को (क) र (ख) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने भन्ने आन्तरिक राजस्व विभाग, अनुसन्धान तथा विकाश शाखाबाट मिति २०६७।११।२ मा भएको निर्णय। सो निर्णय बमोजिमको अन्तिम कर निर्धारण आदेश करदाताको नाममा मिति २०६७।११।२ मा जारी गरेको देखियो।

मिति २०६७।११।२ को अन्तिम कर निर्धारण आदेश उपर चित्त नबुझी करदाता ए.आई.टी.प्रा.लि. को तर्फबाट आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकन गरी पाउँ भनी मिति २०६७।१२।२८ मा निवेदन दिएको।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (२) को खण्ड (क) अनुसार कारोबारको सवुद र खण्ड (ख) अनुसार मिति २०६७।१०।१३ मा कर अधिकृतले पेश गरेको कर परीक्षण प्रतिवेदन समेतका आधारमा सोही ऐनको दफा २० को उपदफा (१) को खण्ड (ग) मा उल्लेखित झुठ्ठा कर विवरण पेश गरेको र खण्ड (घ) मा उल्लेखित करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने यथेष्ठ कारण भएको देखिएको कारणले आ.व. ०६६/०६७ का लागि आन्तरिक राजस्व विभाग, अनुसन्धान तथा विकास शाखाले मिति २०६७।११।२ मा गरेको कर निर्धारणको निर्णय कानूनसम्मत र मनासिब देखिएको हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागको मिति २०६८।३।५ को निर्णय।

पुनरावेदक करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) को उपदफा (२) बमोजिम गरेको खरिदको विजक लिएको र ऐ. ऐनको दफा ५ अनुसार कम्पनीले गरेको कारोबारको दफा १८ अनुसार प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकमको खर्च निर्धारण

गरी नियमित कर कार्यालयमा बुझाउदै आइ रहेको र कर प्रशासकले पूर्वाग्रही भइ कानून, स्थापित मान्यता र सिद्धान्त विपरीत गरेको कर निर्धारण त्रुटिपूर्ण छ। यस फर्मका प्रतिनिधिले विपक्षी विभागमा गरेको बयानमा नक्कली बिल खरिद गरेको र सो बिलको क्रेडिट पनि दावी गरेको लेखेर वा भनेर कुनै पनि तरिकाले स्वीकार नगरेको अवस्थामा कानून बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता गरी आफ्नो व्यापार व्यवसाय संचालन गर्दै आएको यस फर्मलाई नक्कली विजक बनाई कर छलेको भन्ने आधारमा कम्पनीबाट पेश गरेको विवरणलाई कुनै मान्यता नदिई कम्पनीका नाममा जारी भएको अन्तिम कर निर्धारण आदेश तथा सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको निर्णय समेत बदर गरी पाउँ भन्ने समेत व्यहोराको प्रस्तुत करदाताको तर्फबाट राजस्व न्यायाधिकरणमा दायर भएको पुनरावेदन पत्र।

यसमा स्पष्ट आधार र कारण बिना मूल्य अभिवृद्धि कर लगाउने गरी शुरु कार्यालयबाट भएको निर्णय फरक पर्न सक्ने अवस्था हुँदा छलफलका लागि अ.वं. २०२ नं. बमोजिम सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको राजस्व न्यायाधिकरणको मिति २०६८।९।२४ को आदेश।

पुनरावेदक करदाताले मूल्य अभिवृद्धि कर क्रेडिट दावी गर्नको लागि विजक मात्र पेश गरेको, खरिद वास्तविक नभएको, आफ्नो दावी जिकिर पुष्टी हुने कुनै आधिकारिक फर्मको अस्तित्व देखाउन नसकेको र सो कुरा अन्यथा हो भनी वयानमा समेत खण्डन गर्न नसकेको तथा झुट्ठा एवं नक्कली विजकबाट क्रेडिट दावी गरेको देखिंदा कर प्रशासकबाट भएको निर्णय अन्यथा मान्न मिलेन। तसर्थ आन्तरिक राजस्व विभाग अनुसन्धान तथा विकाश शाखाबाट मिति २०६७।११।२ मा गरेको अन्तिम कर निर्धारण गर्ने निर्णय र मिति २०६८।३।५ मा आन्तरिक राजश्व विभागबाट उक्त निर्णयलाई सदर गर्ने गरी भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ भन्ने समेत व्यहोराको राजश्व न्यायाधिकरण काठमाण्डौको मिति २०६९।३।२६ को फैसला।

मूल्य अभिवृद्धि कर (०६६/०६७) मुद्दामा यस कम्पनीलाई हराई शुरु निर्णयलाई सदर हुने ठहर गरेको राजश्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण छ। आजको बदलिदो परिवेशमा

आपूर्तिकर्ताको कारोबार स्थलमा पुगेरै कारोबार गरिदैन। आपूर्तिकर्ताका एजेन्टले नै आपूर्ति गरिदिने भएकोले आपूर्तिकर्ता कानून बमोजिम दर्ता छ छैन भन्ने मात्र हेरिन्छ। आपूर्ति कर्ताको कारोबार स्थल जानकारी नहुनु स्वभाविकै हो। आपूर्ति कर्ताको कारोबार स्थल जानकारी नभएको भनी दोषी करार गर्नु आफैमा बिबेक पूर्ण निर्णय होईन। आपूर्तिकर्ता कानून बमोजिम दर्तावाला हो, होईन भन्ने रेकर्ड राख्ने, उसलाई नियमित बनाउने काम हाम्रो होईन। सो दायित्व कर कार्यालयको हो। सामान खरिद गरिएको फर्म मूल्य अभिवृद्धि करमा दर्ता छ छैन, कानून बमोजिम बिल बिजक जारी छ छैन भन्ने कुरा मात्र खरिदकर्ताले हेर्ने हो। आयात गरेका वा खरिद गरिएका बस्तु मात्र बिक्री गर्ने फर्मको वास्तविकता पुष्ट्याईको प्रमाणको रुपमा बिजक, खपत र स्टक समेत पर्ने भएकोले यस फर्मले नियमित रुपमा राखेका बिजकका अतिरिक्त खाता, वहि खातामा जनिएका Consumption Details र Stock Register बिभागमा पेश गरेको अवस्थामा खरिदको बस्तुनिष्ट प्रमाणको मूल्याङ्कन नगरी भएको निर्णय र फैसला प्रमाण ऐन, २०३१ को दफा १४ विपरीत छ। आपूर्तिकर्ताको कारोबार स्थल जानकारी नभएको भन्ने बयानलाई आफूखुश अर्थ गरी प्रमाणमा लिन मिल्दैन। कानून बमोजिम कर निर्धारण गर्ने अधिकार पाएको कर कार्यालयको कर अधिकृतले प्रचलित कानूनमा स्पष्ट रुपमा उल्लेख भएको आधार र कारण बाहेक अन्य आधार कारणबाट स्वबिवेकीय अधिकार प्रयोग गरी कर निर्धारण गर्न नमिल्ने भन्ने सम्वन्धमा सर्वोच्च अदालत बुलेटिन २०६६ मंसिर१, पूर्णाङ्क ४१७, पृष्ट १४ मा सिद्दान्त प्रतिपादन भएको छ। उक्त प्रतिपादित सिद्दान्त अनुसार पनि राजस्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण छ। त्यसै गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(५) को व्याख्यामा त्रृटि छ। आपूर्ति कर्ता फर्मको अस्तित्व यस फर्मले देखाउन नसकेको भन्ने निर्णयाधार सम्वन्धमा कानून बमोजिम बिपक्षी बिभागबाट करको प्रमाणपत्र लिई कानूनी अस्तित्व प्राप्त गरेका आपूर्तिकर्ता फर्मको दर्ता हुँदाका बखत बिभागमा नै ब्यवसायिक वा भौतिक ठेगानासमेत उल्लेख हुने भएकोले भौतिक अस्तित्व नरहेको होला भन्ने परिकल्पना गर्न सकिदैन। यस अवस्थामा आपूर्तिकर्ताको भौतिक अस्तित्व देखाउन नसकेको भन्ने जस्तो हचुवा आधारमा खरिदमा तिरेको

कर कट्टी सुबिधा नदिने भनी गरेको फैसला आत्मनिष्ट छ। सम्बन्धित ग्राहकले गाडीको डेलीभरी लिदा सामान पाउने निस्तेज भई रजिष्टरमा जनिएको चेक लिष्ट अनुसार सामान बुझी डेलिभरी भएकोबाट सामान खरिद भएको स्वतः पुष्टी भएको छ। बस्तुको प्रयोजन देखिएको छ। यस्तो अवस्थामा जवरजस्ती मूल्य अभिवृद्धि करको भार बोकाउन मिल्दैन। हाम्रो कारोबारको सम्वन्धमा हाम्रा प्रतिनिधिले नक्कली बिजक लिएको स्वीकार नगरी बयान गरेको कुरा सामान खरिद गरी गाडिमा फिट गरेको र सो को प्रमाण स्टक खाताबाट समेत लिखित रुपमा पुष्टी भईरहेको छ। करदाताको प्रतिनिधिले कानून बमोजिम कर लगाएमा मन्जुर छ भनी गरेको बयानलाई अपराध स्वीकार गरेको भन्ने गलत अर्थ लगाई फैसला गरिएको छ । तसर्थ राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१)(घ) बमोजिम प्रमाण नबुझी कर प्रशासकको निर्णयलाई सदर गरेको राजश्व न्यायाधिकरण काठमाण्डौको फैसला त्रूटिपूर्ण हुँदा प्रस्तुत मुद्दामा पुनरावेदन गर्न सोही ऐनको दफा ८ (ख) बमोजिम पुनरावेदनको अनुमति पाउँ भन्ने समेत व्यहोराको यस अदालतमा पेश भएको निवेदन पत्र।

यसमा मूल्य अभिवृद्धि करमा दर्ता रहेको पसलबाट सामान खरिद गरी गाडीमा जडान गरी ग्राहकले प्राप्त गरेको मूल्य अभिवृद्धि कर ऐन नियम बमोजिम बिजक प्राप्त गरी कर कट्टी दावी गरेको देखिएकोले बिक्री कर्ताको बारेमा निवेदकलाई सम्पूर्ण बिवरण थाहा नहुँदैमा भएको खरिद नक्कली भएको भनी भएको निर्णयमा प्रमाण मूल्याङ्कन सम्बन्धी त्रूटि देखिएकोले प्रस्तुत निवेदनमा राजश्व न्यायाधिकरण ऐन,२०३१ को दफा ८(ख) बमोजिम पुनरावेदनको अनुमति प्रदान गरिदिएको छ भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७४।८।१ को आदेश।

ठहर खण्ड

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरुको अध्ययन गरी पुनरावेदक फर्मका तर्फबाट उपस्थित हुनु भएका विद्वान बरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट र विद्वान अधिवक्ता श्री रमणकुमार कर्णले हाम्रो पक्ष (कम्पनी) मूल्य अभिवृद्धि करमा दर्ता भएकोले ऐनको दफा ८ बमोजिम मात्र कर निर्धारण हुनु पर्दछ। दफा २० बमोजिम कर निर्धारण गर्न मिल्दैन। हाम्रो पक्षको फर्मलाई

सामान आपूर्ति गर्ने आपूर्तिकर्ता कानून बमोजिम दर्ता भएको फर्म भएकोले ति आपूर्तिकर्ता फर्मलाई प्रत्यर्थी कर कार्यालयले खोज्नु पर्छ। फर्मले खोज्ने भन्ने भन्न मिल्दैन। आपूर्तिकर्ता दर्ता हुँदाका बखतनै ठेगाना खुलाईएको हुन्छ। कर कार्यालयमा दर्ता भएको आपूर्तीकर्ताको फर्मलाई कर कार्यालयले खोजेको छैन। ए.आई.टि. प्रा.लि. आपूर्तिकर्ता नभई खरिदकर्ता भएकोले आपूर्तिकर्ताले कर विवरण सहितको मूल्य अभिवृद्धि कर नबुझाएकोमा ए.आई.टि. प्रा.लि. लाई करको दायित्व बोकाउन मिल्दैन। कर बिवरण सहितको मूल्य अभिवृद्धि कर नबुझाउने फर्मलाई कर कार्यालयले कारवाही गर्नु पर्नेमा कारवाही गरिएको छैन। बिल बिजक नक्कली भएको भन्ने कुरालाई वहिखाताले खण्डित गरेको छ। कारोबार नक्कली भए नभएको सम्बन्धमा खाता भिडाई निक्यौंल गर्नु पर्नेमा भिडाईएको छैन। प्रतिनिधिको बयानले यस विवादमा प्रमाणिक महत्व राख्दैन। अनुसन्धान नै अपुरो छ। खरिदलाई नमानेमा बिक्रीलाई पनि अमान्य गर्नु पर्छ। विक्रीलाई माने लागत दिन्न भन्न मिल्दैन। सामान खरिद गर्दा आपूर्ति कर्तालाई चेकबाट भुक्तानी गरिएको छ। सामान बिक्री गर्दा लिएको आयकरलाई गैर कानूनी भनिएको छैन। आपूर्तिकर्ता १७ फर्मलाई कार्यालयले गैर कानूनी भन्न सकेको छैन। तसर्थ राजश्व न्यायाधिकरण काठमाण्डौको फैसला मिलेको नदेखिँदा बदर हुनु पर्दछ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो।

प्रत्यर्थी ठूला करदाता कार्यालय समेतको तर्फबाट उपस्थित हुनु भएका बिद्वान नायव महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल तथा बिद्वान उप न्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले पुनरावेदक कम्पनीबाट पेश भएका १७ वटा फर्मको बिल नक्कली रहेको ब्यहोरा अशोक बगडिया र मुकेश कुमार झाको बयान र बरामदी मुचुल्काबाट पुष्टी भएको छ । नक्कली बिल बिजकको आधारमा कर कट्टी सुविधा लिन पाउने कानूनी व्यवस्था छैन। खरिदकर्ता प्रस्तुत फर्मको खरिद बास्तबिक छैन। यसरी पुनरावेदक फर्मले नक्कली बिजकबाट क्रेडिट दावी गरेको देखिँदा राजश्व न्यायाधिकरणको फैसला कानून सम्मत मिलेको हुँदा सदर हुनु पर्दछ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो।

प्रस्तुत विवादमा राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।३।२६ को फैसला

मिलेको छ, छैन? पुनरावेदक फर्मको पुनरावेदन जिकीर पुग्न सक्छ? सक्दैन? सोही सम्वन्धमा निर्णय दिनु पर्ने देखियो।

निर्णयतर्फ विचार गर्दा, पुनरावेदक करदाताले झुट्ठा एवं नक्कली बिल विजकको आधारमा रु.१,९१,९७,५९०।- को वस्तु तथा सेवा खरिद गरेको देखाई रु. २४,९५,६८७। कर कट्टी दावी गरी मूल्य अभिवृद्धि कर छली भएको र मिति २०६७।१०।१७ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेशमा उल्लेख भए अनुसारको आ.व. ०६६/०६७ (कार्तिक देखि आषाढसम्म) को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(२) का आधारमा मूल्य रु.१,९१,९७,५९०।- को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर र शत प्रतिशत जरिवाना समेत जम्मा रु. ४९,९१,३७४।- को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) को (ख), (ग), (घ) र उपदफा (२) को (क) र (ख) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने भनी कर कार्यालयबाट निर्णय भएको पाईन्छ। कर कार्यालयको अन्तिम कर निर्धारण आदेश उपर चित्त नबुझाई पुनरावेदक फर्मले प्रशासकिय पुनरावलोकनको लागि आन्तरिक राजश्व विभाग समक्ष निवेदन दिएकोमा उक्त निर्णय नै सदर गर्ने गरी आन्तरिक राजश्व विभागको मिति २०६८।३।५ मा भएको निर्णय समेतमा चित्त नबुझाई पुनरावेदक करदाताले राजश्व न्यायाधिकरण समक्ष पुनरावेदन दिएको देखिन्छ। राजश्व न्यायाधिकरणबाट शुरूको कर निर्धारण आदेश र आन्तरिक राजश्व विभागको प्रशासकिय पुनरावलोकनको निर्णय मिलेको भनी सदर गरे पछि पुनरावेदक करदाताले पुनरावेदनको अनुमतिको लागि यस अदालतमा निवेदन दिई उक्त निवेदन उपर पुनरावेदनको अनुमति प्राप्त गरी उक्त निवेदन पुनरावेदनको रोहमा दर्ता भई आज निर्णयार्थ पेश हुन आएको देखिन्छ।

प्रस्तुत विवादमा शुरू कर कार्यालय, आन्तरिक राजश्व विभाग तथा राजश्व न्यायाधिकरणबाट निर्णय गर्दा विवेचना गरिएका मुद्दाका तथ्य, आधार, कारण र कानूनी ब्यवस्था एवम् करदाता फर्मले दिएका आफ्ना जवाफ एवम् जिकीरहरुलाई हुबहु यहाँ पुनरावृत्ति गरिएको छैन। तह तह गरिएका निर्णयहरुमा प्रशस्त विवेचना एवम् लिइएका

दलिलहरुलाई खण्डन गरी स्पष्ट रुपमा उल्लेख गरिएको तथ्यमा यो इजलास पनि सहमत छ। ति सबै कुरालाई मध्यनजर राखी पुनरावेदक करदाताले यस अदालतमा पुनरावेदनको लागि अनुमति पाउन दिएको निवेदनमा उल्लिखित थप जिकीरहरुलाई समेत अध्ययन गरी संक्षिप्तमा विश्लेषण गर्न मनासिव हुनेछ।

पुनरावेदक करदाता फर्मले मिलिना ईन्टरप्राइजेज, निधि इम्पेक्स, जय श्रीराम सप्लायर्स प्रा.लि, जय श्री बंगलामुखी सप्लायर्स, न्यु आ.बि. ईम्पेक्स, जय दक्षिणकाली माई सप्लायर्स प्रा.लि., नयाँ निलम इन्टर्प्राइजेज, न्यु बि.के. इन्टरप्राईजेज, न्यु सीता सप्लायर्स, रीतु इन्टरप्राइजेज, बागेस्वरी इम्पेक्स, न्यू कमला सप्लायर्स, शुभ श्री पशुपति ट्रेडर्स, समेत १३ वटा फर्मबाट बस्तु वा सेवा प्राप्त गरेको भन्ने मिसिल संलग्न कागजात एवं ति फर्मले जारी गरेको बिल बिजक समेतबाट देखिन्छ। बस्तु वा सेवाको प्राप्ति सम्बन्धमा करदाताको आधिकारिक प्रतिनिधि अच्यूतमणि आचार्यले आन्तरिक राजस्व विभागमा आफूलाई कम्पनीको कारोबारको सम्वन्धमा जानकारी रहेको तर उल्लेखित १३ वटा फर्महरुको कारोबारस्थल, आधिकारिक व्यक्ति र फोन नम्बर थाहा नभएको, बस्तु तथा सेवा प्राप्त नभएको सम्बन्धमा कानून बमोजिम भएमा मञ्जुर छ भनी बयान गरेको देखिन्छ। निजको सो वयानबाट करदाताले ती फर्महरुबाट कानून बमोजिम बस्तु तथा सेवा प्राप्त नगरी नक्कली बिल बिजक तयार गरी खरिद गरेको देखाई कर कट्टी दावी गरेको प्रष्ट देखिन आयो। पुनरावेदक फर्मले प्रत्यर्थी आन्तरिक राजस्व विभागमा बयान गर्ने फर्मका प्रतिनिधिको उक्त बयान प्रमाणमा लिन नमिल्ने जिकीर गरे पनि पुनरावेदक फर्मका प्रतिनिधिको बयान के कति कारणले प्रमाणमा लिन नमिल्ने हो सो सम्वन्धमा उल्लेख गर्न सकेको देखिँदैन। पुनरावेदक फर्मले लिखित जवाफ दिदाँ, प्रशासकीय पुनरावलोकनको निवेदन दिँदा, राजस्व न्यायाधिकरण र यस अदालतमा पुनरावेदन गर्दासम्म समेत आफ्नो कारोबार सही सत्य भएको प्रमाण पेश गर्न सकेको देखिँदैन। आफूले सामान खरिद गर्ने कम्पनीको कारोवार स्थल वा सम्पर्क ठेगाना वा फोन नं. थाहा छैन भन्नु आफैमा आश्चर्यजनक छ। विना सम्पर्क कसरी खरिद गरिन्छ वा कसरी कारोवार हुनसक्छ ? अनुमान गर्न समेत सकिदैन।

त्यसमा पनि पुनरावेदक फर्म खरिद कर्ता भएको तथ्यमा विवाद छैन। पुनरावेदक कम्पनीले आपूर्तिकर्ता फर्मबाट मालवस्तु खरिद गरेर के कुन प्रयोजनमा प्रयोग भएको हो सो कुरा युक्तियुक्त तवरले पुष्टि भएको देखिँदैन। यसबाट पुनरावेदक फर्मले मालवस्तु आयात नगरी आपूर्तिकर्ताबाट बिल बिजक मात्र लिएर कारोवार गरेको देखाई यो आ.व. को मूल्य अभिवृद्धि कर सुविधा दावी गरेको प्रष्ट हुन आयो। कर कार्यालयले माग गरेका कागजात पुनरावेदक फर्मले उपलब्ध गराउन सकेको देखिँदैन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (६) ले कर कट्टी सुविधा तोकिएका कागजातहरुद्वारा दावी प्रमाणित भए पछि मात्र पाइने भनी प्रष्ट व्यवस्था गरेको छ। कानूनमा नै तोकिएका कागजले दावी प्रमाणित भएपछि मात्र कर कट्टी सुविधा पाउने व्यवस्था उल्लेख भएको छ भने त्यसको विपरीत कागजातबाट पुष्टि नहुँदै कर कट्टी सुविधा दिन मिल्ने अवस्था देखिँदैन।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ (१) मा दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित बस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्नेछ भन्ने उल्लेख भएको देखिन्छ। सो बमोजिम यी पुनरावेदक करदाताले वस्तु तथा सेवा खरिद गरेको भनी उल्लेख गरेका फर्महरुको आधिकारिकता पुष्टी गर्न सकेको मिसिल प्रमाणबाट देखिदैन। उक्त कानूनी व्यवस्था बमोजिम बिल बिजक बमोजिमको खरिद गरेको मूल्यको करकट्टी सुविधा पाउने देखिए पनि सामान खरिद नगरी नक्कली बिल बिजकबाट कर कट्टी सुविधा पाउने भन्न मिल्दैन। कानून बमोजिम कर विवरण पेश गरी कर तिरेको फर्म वा कम्पनीबाट सामान खरिद गरी कानून बमोजिमको कारोवार भएको सक्कली बिल बिजक पेश गरी कर सुविधा दावी गरेमा मात्र कर कट्टी सुविधा पाउने कुरा निश्चित हुन्छ। यस दृष्टिकोणबाट पुनरावेदक फर्मले आपूर्तिकर्ताबाट कमिसनमा बिल बिजक लिएर कर कट्टी सुविधा दावी गरेको कार्य कानून विपरित हुँदा यस अदालतबाट पुनरावेदन दर्ता गर्न अनुमति प्रदान गर्दा लिइएका आधार र कारणसँग सहमत हुन सकिएन।

तसर्थ, माथिका प्रकरणहरुमा गरिएको बिबेचनाबाट समेत आन्तरिक राजस्व विभाग

अनुसन्धान तथा विकास शाखाले मिति २०६७।११।२ मा गरेको अन्तिम कर निर्धारण गर्ने निर्णय र सो लाई सदर गर्ने गरेको आन्तरिक राजश्व विभागको मिति २०६८।३।५ को निर्णयलाई समेत सदर गर्ने गरेको राजश्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।३।२६ को फैसला कानून सम्मत भई मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू।

प्रधान न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः भीमबहादुर निरौला

इति सम्वत् २०७६ साल पौष २८ गते रोज २ शुभम् ----------------------।